# The International Network for the Availability of Scientific Publications (INASP), Programme for the Enhancement of the Research Information (PERI) and Nepal

(वैज्ञानिक प्रकाशन उपलब्ध गराउनको निमित्त अन्तराष्ट्रिय संजाल, अनुसन्धान सूचना विस्तार कार्यक्रम र नेपाल)

- दिलीप मान स्थापित
सहायक लाईब्रेरियन
त्रि. वि. केन्द्रीय पुस्तकालय

INASP को गठन सन् १९९२ मा The International Council for Science (ICSU)[1]ले UNESCO र The World Academy of Science (TWAS), European Commission को सहयोग र समर्थनमा गरेको हो । INASP साझेदारी सहभागीहरुको समन्वयात्मक संजाल हो । जस्मा ३००० भन्दा वढी संस्थाहरुको साझेदारी सहभागीहरु संलग्न छन् । जस्को मुख्य उद्देश्य विकाशशील देशको अनुसन्धानमूलक वैज्ञानिक सूचना र ज्ञानलाई व्यापक एवं विश्वव्यापी वनाउनु हो । यस संजालको तत्काल उद्देश्यहरु निम्नानुसारको रहेकोछ:

१. वैज्ञानिक र प्राज्ञिक सूचना र ज्ञान फैलाउन र विस्तार गर्नमा विद्यमान कृयाकलापहरुलाई व्यवस्थित गर्नु, सहयोग गर्नु र प्रभावशाली वनाउनु ।

२. स्थानिय वैज्ञानिक र प्राज्ञिक सूचना विकास र विस्तारको लागि उत्कृष्ट वैज्ञानिक र प्राज्ञिक सूचना र ज्ञानको पहिचान गरी स्थानिय वैज्ञानिक र प्राज्ञिक उत्कृष्ट प्रकाशनहरुको उन्नति र विस्तारमा प्रेरणा र समर्थनका साथै सरल र सहज रुपले प्रयोग गर्न गराउनु ।

३. देश भित्रै सूचना उत्पादन, व्यवस्थापन, व्यापक विस्तार र प्रयोग गराउन सक्षम वनाउनु र विकास गर्नु ।

INASP को विकसित र विकाशशील देशहरु वीच रहेको वैज्ञानिक सूचनाको दूरीलाई कमगर्ने अनुसन्धान सूचना र ज्ञानलाई विस्तार गर्ने कार्यक्रम अन्तरगत विकसित देशका अनुसन्धानात्मक सूचना र ज्ञानलाई विकाशशील देशहरुमा पनि पु-याउन र उपलब्ध गराउने उद्देश्य अनुरुप नेपालमा पनि यस अनुसन्धानात्मक सूचना र ज्ञान उपलब्ध गराउने सन्दर्भमा अध्ययन र छलफल गर्नको लागि INASPका निर्देशक Mrs. Carol Priestlyले सन् २००३ को जनवरी २८ देखि २९ गर्नु भएको भ्रमण अवधिमा शिक्षा तथा खेलकूद मन्त्रालयका पदाधिकारी, विज्ञान तथा प्रविधि मन्त्रालयका पदाधिकारीहरुका साथै नेपाल स्थित अन्य विश्वविद्यालयका पदाधिकारीहरुसित भएको यस सम्वन्धी छलफल र सोहि अवधिमा INASPवाट उपलब्ध हुने वैज्ञानिक स्रोतहरुको सन्दर्भमा त्रि. वि. केन्द्रीय पुस्तकालयले आयोजना गरिएको अन्तरकिया छलफल कार्यक्रममा उपस्थित डीन, अनुसन्धान केन्द्रका कार्यकारि निर्देशकहरु, केन्द्रीय विभागका प्रमुखहरु सितको छलफलको निष्कर्ष स्वरुप INASP वाट त्रि. वि. केन्द्रीय पुस्तकालयलाई नेपालको लागि INASP को Country Coordinator को रुपमा मनोनित भए अनुसार त्रि. वि. केन्द्रीय पुस्तकालयले INASP अन्तरगतको Programme for Enhancement of Research Information (PERI) को कार्यान्यन र विस्तार व्यापकता सम्वन्धी कार्यहरुका साथै PERI अन्तरगत उपलब्ध हुने विभिन्न Full Text प्रयोग व्यापक रुपले नेपालभर गर्न गराउने सम्वन्धी विभिन्न कृयाकलापहरुको साथै PERI अन्तरगतका अन्य विविध कार्यक्रमहरु पनि गर्दै आई रहेकोछ ।

[1]. ISCU को स्थापना सन् १९३१ मा भएको हो । यस्को उद्देश्यमा अर्न्तराष्ट्रिय वैज्ञानिक र प्राविधिक कृयाकलापहरुमा टेवा पु(याउनु, मानवीय उन्नतिको लागि अर्न्तराष्ट्रिय वैज्ञानिक, प्राविधिक फाइदा तथा मानवीय उन्नतिको लागि सचेत गराउनु, परिकल्पना, समन्वय वा अर्न्तराष्ट्रिय अन्तरसम्वन्धका वैज्ञानिक कार्यक्रमको कार्यान्वयनको लागि सहभागी हुनु, वैज्ञानिक कुरामा परामर्श दिनु, मानवीय एवं भौतिक स्रोतकबो विकास एवं वलियो वनाउनको लागि विश्वव्यापी रुपले प्रोत्साहन दिनुका साथै विकशशील विश्वलाई प्राथमिकता ्‌ विज्ञान वारे जनचेतना र विकास गर्नु हो ।

PERI (अनुसन्धान सूचना विस्तार कार्यक्रम):

विकाशशील र परिवर्तनशील देशहरुको अनुसन्धान क्षेत्रमा सूचना र ज्ञानलाई सूचना र संचार प्रविधि (ICT) को प्रयोग गराई उत्पादन, प्रयोग र फैलाउन एवं उपलब्ध गराउनमा सहयोग र सक्षम वन्नमा सहयोग, पूर्वाधार तयार र कार्यक्रमहरु कार्यान्वयनको लागि सन् 1999/2000 मा अफ्रिका, एशिया, ल्याटीन अमेरिका र नयां स्वतन्त्र राष्ट्रहरुमा अनुसन्धान साझेदार तथा पुस्तकालयाध्यक्षहरुवाट INASP लाई संलग्न गराउने सन्दर्भमा भएको विचार, विमर्श, कार्यशाला गोष्ठीहरु तथा देशहरु वीच भएको व्यापक छलफल पछि पश्चिमी देशहरुमा मात्र सिमित रहेको विज्ञान र प्रविधि सम्वन्धी सूचना र ज्ञान एवं जानकारीहरु एशिया र अफ्रिकाका साथै विकाशशील देशहरुमा पनि फैलाउने उद्देश्यले The Programme for the Enhancement of Research Information (PERI) यानी अनुसन्धान सूचना विस्तार कार्यक्रमको शूरुवात भएको हो ।

**PERI को मुख्य उद्देश्य:**

यस कार्यक्रम (PERI) को मुख्य एवं तत्काल उद्देश्यहरु निम्नानुसारछ:

१. अर्न्तराष्ट्रिय वैज्ञानिक सूचना र ज्ञान संकलन, प्रयोग एवं प्राप्तीमा सरल र सहज वनाउनु ।
२. क्षेत्रीय र राष्ट्रिय जर्नलहरुको प्रयोग अनुसन्धानात्मक कृयाकलापहरुमा व्यापक रुपले प्रयोग गराउनु ।
३. विद्युतिय सूचना र संचार प्रविधिको मूल्यांङकन र व्यवस्थापन एवं प्रयोगमा सुसुचित वनाई तालीमको व्यवस्था गरी सक्षम र प्रयोग गर्नमा दक्ष र सक्षम वनाउनु ।
४. जर्नलहरु तयारी, उत्पादन (प्रकाशन) र व्यवस्थापन सम्वन्धी शीप विस्तार गर्नु ।

उक्त उद्देश्यहरु प्राप्ती सन्दर्भमा सन् २००० नोभेम्वर - २००१ डिसिम्वरमा मार्ग निर्देशनको रुपमा यस्को प्रथम चरणको कार्यक्रम संचालन भएको थियो भनें पूर्णरुपले यस कार्यक्रमको संचालन २००२ को जनवरी देखि भए । १२० भन्दा वढी देशहरु वैद्यानिक रुपमा यस कार्यक्रममा सहभागी छन् भनें यस कार्यक्रमका सहभागी देशको अनुसन्धान कृयाकलापहरुको लागि आवश्यक योजना र योजना संचालन व्यवस्थित रुपले कार्यान्वयन गराउनका लागि प्रत्येक सहभागी देशमा एक Country Coordinatorको व्यवस्था गर्ने गर्नुका साथै प्रशासनिक र PERI को उद्देश्य अनुरुपको कार्यक्रमहरु संचालन गर्न आवश्यक शीपको विकास, व्यवस्था गर्न, सक्षम वनाउन एवं यस सम्वन्धी अनुभवी टोलीको व्यवस्था गर्नमा यस्ले महत्वपूर्ण भूमिका पनि खेल्दछन् ।

यस कार्यक्रम (PERI)को उद्देश्य पूर्ति एवं सफलताको लागि एक अर्कोमा अन्तर सम्वन्ध रहेको यस्का निम्नानुसारको कृयाकलापहरु एवं अंगहरुको व्यवस्था गरिएका छन्:

1. Delevering Information
2. Disseminating Local Research
3. Enhancing ICT Skills
4. Strengthening Local Publishing

## Delevering Information:

INASP मा सहभागी राष्ट्रहरुमा Fulltext, Online Jourbnals, तत्काल उपलब्ध डाटावेसहरु वारे सचेत र जानकारी गराउनका साथै उपलब्ध गराउनको लागि INASPले विभिन्न व्यक्तिगत र निजी प्रकाशकहरु, सूचनाका प्रयोगकर्ताहरु सित सर्म्पक राखी कार्य गर्ने गरिन्छ । यसरी सहकार्य गर्नुको उद्देश्य पनि PERI को माध्यमवाट स्रोतहरु उपलब्ध गराउनु र दीर्घकालसम्म संग्रह प्रयोग गर्नमा सक्षमताका साथ वहन गराउनु हो ।

INASPले सफलतापूर्वक यो कार्यक्रम संचालन गर्दै आई रहेकोछ भनें INASPले स्रोतको उपलब्धी र प्रयोग गर्ने अनुमतिमा विकाशशील देशलाई ९०।९८ प्रतिशत सम्म छूट दिलाउंदै आई रहेकोछ । INASP ले ८००० भन्दा वढी जर्नलहरुको Full Text उपलब्ध र प्रयोगको व्यवस्था गरि सकेकोछ । जस्मा Blackwell, EBSCO Host, MCB

Emerald, Oxford University Press, Springer Verlag, The Royal Society, Cabi, Silver Platter, आदि जस्मा प्रख्यात प्रकाशक तथा संस्थाहरुको Full Text को साथै वाङमय र सन्दर्भ डाटा एवं एव्सट्राक्टपनि समावेश छन् । यस Delevering Informationको उद्देश्यहरु निम्नानुसारछ:

१. अनुसन्धानकर्ताहरुलाई विद्युतिय हस्तान्तरण (Electronic delivery) मा आधारीत अर्न्तराष्ट्रिय प्राज्ञिक साहित्यहरु उपलव्ध गराउनु ।
२. विभिन्न विद्याका असिमित जर्नलहरु, डाटावेशहरु र लेख रचनाहरु उपलव्ध गराउनु ।
३. राष्ट्रिय र अर्न्तराष्ट्रिय पुस्तकालयहरु वीच संजालको विकास गर्नु । विकाशशील देशहरु वीच संजालको विकास गर्नु ।
४. विकाशशील र परिवर्तनशील देशका अनुसन्धानकर्ताहरुलाई अन्तर्राष्ट्रिय प्राज्ञिक साहित्यको व्यापक प्रयोग र उपलव्ध गराउनको लागि विकाशशील र परिवर्तनशील देशका अनुसन्धानकर्ताकरुलाई संजालमा समावेश गराउनु ।

INASP को PERI कार्यक्रम अन्तरगत अनुसन्धानकर्ताको आवश्यकताको सन्दर्भमा योजना वनाउन र योजना व्यवस्थित रुपले कार्यान्वयनको लागि INASPले तोकेको Country Coordinator ले सम्वन्धित देशको प्राज्ञिक साहित्यको वास्तविक अवस्था, उपलव्धी र प्रवाहको (आपूर्तिको) सन्दर्भमा समिक्षा गर्नको लागि INASPलाई सहयोग गर्नु पर्ने व्यवस्था गरिएकोछ । साथै सम्वन्धित देशको अनुसन्धान समुदायको सहयोगमा त्यस देशको लागि कस्तो किसिमको स्रोतको आवश्यकता छ भन्ने कुरा पनि पहिचान गर्नमा Country Coordinatorले सहयोग गर्ने गर्दछ । यस्को लागि संजालमा आवद्ध देशमा PERI Resources सम्वन्धी INTRODUCTORY WORKSHOP आयोजना गरी कार्यशालाको माध्यमवाट आवश्यकता पहिचान गर्ने गर्दछन् । INASP को यस उद्देश्य अनुरुप नेपालको वास्तविक आवश्यकता पहिचान गर्न र PERI को Delevering Information अन्तरगत उपलव्ध स्रोतहरुको सन्दर्भमा "INTRODUCTORY WORKSHOP IN NEPAL" विषयक कार्यशाला गोष्ठी जुलाइ ८ र ९, २००३ मा पोखरा विश्वविद्यालय, पोखरा तथा जुलाई १० र ११, २००३ मा त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, कीर्तिपुरमा सम्पन्न भएको थियो यस कार्यशालाको INASP का Ms. Sarah Durrantले Facilitator रुपमा संचालन गर्नु भएको थियो भने पोखरा र काठमाडौं गरी ४३ जना सहभागी भएको यहि कार्यशाला गोष्ठीहरुको सिफारीस अनुसार नेपालले MCB Emerald, Blackwell Synergy, EBSCO Host, Springer Verlag, Cabi Compendia, Oxford University Pressका साथै अन्य १११ भन्दा वढी प्रकाशक तथा संस्थाहरुको जर्नल एवं डाटावेशहरुको Fulll Text को प्रयोग शैक्षिक, प्राज्ञिक तथा अनुसन्धान कार्यको लागि गर्न सकिन्छ ।

PERI अन्तरगत उपलव्ध स्रोतहरुको विवरण INASP को निम्न लिखित Websiteमा गै Country (Nepal) छनौट गरी नेपाललाई उपलव्ध स्रोतहरुको वारेमा जानकारी पाउन सकिन्छ भने यी Resourcesहरुको प्रयोगको लागि रजिष्ट्रेशन गर्नुपर्ने प्रावधान रहेकोछ । यस रजिष्ट्रेशन सम्वन्धी जानकारी तथा रजिष्ट्रेशन पनि यहि Websiteमा दिइएको जानकारी अनुसार आवश्यक स्रोतको लागि Onlineवाटै रजिष्ट्रेशन गर्ने व्यवस्था गरिएकोछ ।

**www.inasp.info/peri/countries**

## Enhancing ICT Skills

सूचना र संचार प्रविधिहरुको सशक्त एवं प्रभावकारीताका साथ प्रयोगको लागि विकाशशील र परिवर्तनशील विश्वका पुस्तकालय, विश्वविद्यालय र अनुसन्धान समुदायलाई सुविधायुक्त र सरल, दक्ष वनाउने उद्देश्य पूर्तिका लागि INASPले PERI को एक अङको रुपमा श्रृङखलावद्ध कार्यशाला र तालीम कृयाकलापहरु पनि INASPले PERI अन्तरगत संचालन र उपलव्ध गराउने गर्दछ । यस प्रकारको तालीम वा कार्यशालाको उद्देश्य विशेषत सूचना र संचार प्रविधिको प्रयोगमा प्रभावकारीता ल्याउनु हो ।

Country Facilitators का लागि मुख्य (Core) तालीम वा कार्यशाला सामग्रीहरु तयार INASPले तयार गरि दिन्छन् । जुन PERI मा सहभागी राष्ट्को आवश्यकता अनुसार थपघट सम्वन्धित राष्ट्का Country Coordinator संग सर्म्पक र छलफल गरी राष्ट् वा क्षेत्रको आवश्यकता अनुसारको विषय समावेश भएको श्रृङखलावद्ध कार्यशाला वा तालीमको

आयोजनाहरु गर्ने गर्दछन् । PERIको यस अनुसारको लक्ष्यपूर्तिका लागि नेपालका पुस्तकालयमा कार्यरत व्यक्तिहरुलाई PERI अन्तरगत उपलब्ध सूचना र प्रविधिको प्रभावकारीताका साथ व्यापक प्रयोगको लागि दक्ष, सहज र सरल वनाउने सन्दर्भमा आवश्यक ज्ञान दिनको लागि "Workshop on Introduction to Using the Internet, Electronic Journals and Electronic Resources" विषयक कार्यशालाको संचालन नोभेम्वर २४ देखि २८, २००३ मा त्रि. वि. केन्द्रीय पुस्तकालय, कीर्तिपुरमा सम्पन्न गरी छन् भनें सो कार्यशाला INASP का Programme Officer Ms. Sara Gwynnले Facilitator को रुपमा संचालन गर्नु भएको थिईन् ।

## Disseminating Local Research तथा Strengthening Local Publishing:

INASP को PERI मा सहभागी राष्ट्रहरुका स्थानिय वैज्ञानिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कृयाकलापलाई Disseminate गर्न र स्थानिय वैज्ञानिक, प्राज्ञिक र अनुसन्धानात्मक सामग्रीहरु प्रकाशन गर्नको लागि आवश्यक सहयोगपनि INASSP ले PERI अन्तरगत गर्ने गर्दछन् । यस अन्तरगत स्तरीय प्रकाशनहरुको प्रकाशन गर्ने सन्दर्भमा विविध ज्ञान र जानकारी दिनको लागि PERI ले कार्यशालाहरु संचालन गर्ने गर्दछन् ।

यस उद्देश्य अनुरुप नेपाली वैज्ञानिक तथा अनुसन्धानमूलक प्राज्ञिक जर्नलहरुको Full Text WEB प्रकाशन गर्ने सन्दर्भमा यस्को ढांचा (Format) डिजाईन, सम्पादकीय शीप विकास, व्यवस्थापन, Online प्रकाशन, आदि विविध पक्ष समावेश भएको "Workshop for Scholarly Journal Editors" विषयक कार्यशाला गोष्ठी र नेपाली जर्नल अनलाईन प्रकाशन सन्दर्भमा डिसिम्वर ८-११, २००३ मा त्रि. वि. केन्द्रीय पुस्तकालय, कीर्तिपुरमा संचालन भै सकेका छन् । नेपालका विविध अनुसन्धानात्मक वैज्ञानिक जर्नलहरुका २५ सम्पादकहरु सहभागी भएको यस गोष्ठी तथा वैठक सम्पादन कार्यमा संलग्न सवैको लागि तथा अनलाईन प्रकाशन गर्नको लागि उपयोगी हुनुका साथै नेपाली जर्नलहरु अनलाईन प्रकाशन गर्ने कार्यहरु कार्यान्वयनको लागि यस कार्यशालाले Planning Team र Core Team गठन गर्ने व्यवस्था सिफारीस गरिए अनुसार टोलीहरुको गठन भै यस सम्वन्धी कार्यहरु अगाडी वढी रहेकोछ ।

## निष्कर्ष:

सूचनाले महत्वपूर्ण स्थान ओगट्दै गै रहेको वर्तमान अवस्थामा विकसित र विकाशशील देशहरु वीच रहेको वैज्ञानिक सूचनाको दूरीलाई कम गर्ने उद्देश्यको यस संजाल तथा कार्यक्रमले आफ्नो उद्देश्य पूर्तिको लागि फलदायी भूमिका खेलेको छ भनें विकाशशील देशका अनुसन्धानकर्ताहरुको अनुसन्धान कार्यमा विकशीत देशका सूचनाहरु प्राप्त गरी आफ्नो अनुसन्धान कार्यको स्तरीयता वढाउन पनि उपयोगी सिद्ध भएका छन् । साथै नेपाली प्राज्ञिक तथा वैज्ञानिक सूचनाहरु विकसित देश समक्ष पु-याउनमा पनि यस कार्यक्रम निक्कै उपयोगी भएकोले डेनिश सरकारको आर्थिक सहयोगमा सन् २००५ सम्मका लागि नेपाली प्राज्ञीक तथा अनुसन्धान क्षेत्रका संस्था तथा व्यक्तिहरुले नि:शुल्क प्रयोग गर्न सकिने यस कार्यक्रम अन्तरगतका स्रोतहरुको निरन्तरताको लागि आवश्यक नीतिहरु तर्जुमा गर्ने तर्फ सवै क्षेत्रवाट पहल हुनु जरुरी छ ।

सन्दर्भ सामग्री:-


1. INASP; Worldwide Access to Information and Knowledge (Brochure)
2. PERI; Supporting Researchers and Information Providers Worldwide (Brochure)
3. www.inasp.info
4. Bhandary, K. M. "Flood of discoveries in Nepal! Access to full text of world's 7000 leading journals will revalue the role of TUCL." Himalayan Journal of Sciences. 1,2, July 2003, p.71
5. Bhandary, K. M. "PERI in Nepal." Spotlight. July 25, 2003. p. 30